दर्ता न. ९०/०६१/०६२ पान न. ३०१८९२६२३

"संघको लागि संस्था, संस्थाको लागि संघ"

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**Bhaktapur District Saving & Credit Co-operative Union Ltd.**

कटुञ्जे-८, सुर्यविनायक, भक्तपुर

चलानी न. ८१/०७२/०७३ मितिः २०७२/०८/०६

श्रीमान् अध्यक्षज्यू
............................ बचत तथा ऋण सहकारी संस्था लि.
.........................., भक्तपुर

**विषय : साधारण सभामा उपस्थित हुने बारे ।**

प्रस्तुत विषयममा यस संघको संचालक समितिको मिति २०७२ कार्त्तिक १३ गते बसेको बैठकको निर्णय ३ अनुसार एघारौं बार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउंदछु । सो सभामा त्यस संस्थाबाट एकजना प्रतिनिधिको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु । प्रतिनिधि संचालक समितिबाट पठाउनुहुन हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :–**

१) आ.व. २०७१/०७२ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०७२/०७३ को प्रस्तावित कार्यक्रमहरु,
२) आ.व. २०७१/०७२ को आर्थिक प्रगति प्रतिवेदन र आ.व.२०७२/०७३ को अनुमानित बजेट,
३) आ.व.२०७१/०७२ को लेखा सुपरिवेक्षण प्रतिवेदन,
४) आ.व.२०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन,
५) आ.व.२०७२/०७३ को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने,
६) लाभांश प्रस्ताव
७) विनियम संशोधन
८) नीति संशोधन
९) विविध

**कार्यक्रम :–**
मिति : २०७२ मंसिर १९ गते, शनिवार
समय : विहान ८:०० बजे
स्थान : तलेजु बैंक्वेट, राममन्दिर, भक्तपुर




**नोट :**
१) त्यस संस्थाको आ.ब. २०७२/०७३ सम्मको संघको सदस्यता शुल्क तथा २०७२ कार्त्तिक मसान्तसम्मको नियमित बचत २०७२ मंसिर १५ गतेभित्र बुझाउनुहुन अनुरोध छ । उक्त साधारण सभामा उपस्थितीको लागि नियमित बचत र सदस्यता शुल्क अनिवार्य रुपमा बुझाइसक्नुपर्ने छ ।

.................
हरि बल्ल
(सचिव)

Suryabinayak Municipality-8, Bhaktapur
Phone: 66226734/5092556, Email: bktsaccu@gmail.com, website: www.bhaktapurduc.coop.np

# अध्यक्षको मन्तव्य

सहकारी ऐन नियम मूल्य मान्यताको आधारमा समुदाय र समाजको उत्थान गर्नका लागि दर्ता भएका सहकारी संस्था करिब ३३ हजारको संख्यामा पुगेको छ । विश्वमा विभिन्न समयमा थरीथरी विषयगत सहकारी स्थापना भई संचालनमा आएको इतिहास रहेको छ । नेपालमा २०१३ साल चैत्रबाट सहकारीको शुरुवाट भएको औपचारिक घोषणा भएको छ । त्यसपछिबाट सहकारीको विकास र विस्तार नभएपनि २०४८ सालपछि आधुनिक सहकारी ऐनको आधारमा सहकारी क्षेत्रमा धेरै फड्को मारेको देखिन्छ । यस अवस्थामा कानुनी रुपमा दर्ता भएको धेरै जसो संस्था बचत तथा ऋण सहकारी रहेका छन भने अन्य बहुउद्देश्शीय सहकारी संस्थाहरुले मुख्य कारोवार बचत तथा ऋणमा केन्द्रीत रहेका छन्। नेपालमा दर्ता भएका ३३ हजारमा ६० देखि ७० प्रतिशत संस्थाहरुले वित्तीय कारोवार नै गरेको देखिन्छ । यसले के देखाएको छ भने अन्य सेवा उद्देश्यले संचालन भएको संस्थाहरुको प्रगति उत्साहजनक रहेको छैन भन्ने प्रष्ट हुन्छ ।



**राधेश्याम सुवाल**
अध्यक्ष

नेपालमा संघीय गणतन्त्र घोषणापछि नेपालको संविधान २०७२ हालसालै लागू भयो । नयां संविधानमा स्थानिय क्षेत्रमा सहकारीको विकास र विस्तार गरि नेपाली जनताको आर्थिक, सामाजिक उन्नती प्रगति गर्न मूल्य मान्यता आत्मसाथ गरेको छ । त्यसका साथै सहकारीको छाता संघ प्रान्तीय र संघीय राज्यमा अलग अलग व्यवस्था गर्ने उल्लेख गरेको छ । नेपालको अन्तरिम व्यवस्थाले अगालेको तीन खम्बे (सहकारी, सरकारी र निजी) नीतिलाई नयां संविधानले स्विकारेको हुंदा भावी दिनहरुमा सहकारीको विकास मार्फत नेपाली जनताको आर्थिक सामाजिक विकासमा फड्को मार्न टेवा पुग्ने देखिन्छ । जस्को लागि बचत तथा ऋण सहकारीको छुट्टै ऐन ल्याउन आवश्यक

भएकोले सहकारीकर्मीहरु लागि परेको छ । यद्यपि निष्कर्षमा पुगेको छैन । संघियता लागु भैसकेकोले आवश्यक कानुनहरु बनाई सही अर्थमा कार्यान्वयनमा लान सक्यो भन्ने मात्र सही अर्थमा गणतान्त्रिक मुलुक भन्न सकिने हुन्छ ।

सहकारी सिद्धान्त, मूल्य मान्यता अनुरुप संचालनमा रहेका संस्थाहरुले अझै पनि केही अप्ठ्यारो अवस्थाबाट ग्रुजिन परिरहेको आजको यथार्थता हो । समुदायको विकासको लागि सहकारी हुनुपर्नेमा शहर बजारका केही सहकारी संस्थाहरु व्यक्ति विशेषको नाफामुखी व्यवसायको रुपमा कतिपय संस्थाहरु संचालनमा रहेका छन् । तर पनि संख्यात्मक रुपमा धेरै संस्थाहरुले समुदायमा रहेका सदस्यहरुको आर्थिक र सामाजिक विकास गर्न योगदान पुऱ्याउदै आएका छन् । यसकारण अब बन्ने सहकारी ऐनमा समुदाय वा गैर समुदायको रुपमा सहकारी संस्थालाई छुट्याई समुदायमा आधारित भै संचालन र व्यवस्थापन भएका संस्थाहरुलाई कर छुट सुविधा दिने गरी व्यवस्था गर्न सकियो भने मात्र समुदाय र गैर सदस्यतामा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुलाई पनि सहि बाटोमा ल्याउन सकिने भएकोले सम्बन्धित निकाय र सहकारीकर्मीहरुको ध्यान आकृष्ट गराउन चाहन्छु ।

जय सहकारी ॥ धन्यबाद ॥

# आत्मनिर्भरताका लागि सहकारीताको जोड ।

सहकारीको चौंथो सिद्धान्त स्वायत्तता र आत्मनिर्भरता हो । यस सिद्धान्तले सहकारीको आवश्यकता र लोकप्रियतालाई दर्शाउंछ । साझा उद्देश्य प्राप्तिका लागि स्वायत्तता र आत्मभिर्रता सहकारीको विशेषता हो । जीवन निर्वाहको लागि आवश्यक बस्तु तथा सेवा स्थानिय स्रोत साधनबाटै परिपूर्ति गरि आत्मनिर्भर बनाउन सहकारी एक साध्यको रुपमा अगाडि बढाउनुपर्ने अहिलेको तड्कारो आवश्यकता हो ।



**बालकृष्ण धोजू**
व्यवस्थापक

सहकारी जीवन पद्धती बनाइनुपर्छ । स्थानिय आत्मनिर्भरताको लागि यो निर्विकल्प उपाय हो । नेपालको संविधानमा पनि सहकारीलाई स्थानियतहमा राखिएको छ । स्थानिय समुदायको आर्थिक विकास सहकारीले मात्र गर्न सक्छ । तसर्थ सहकारीलाई स्थानिय आर्थिक क्रियाकलापसंगै उपभोग्य वस्तुहरुको उत्पादनमा जोड दिई स्थानिय उद्योग धन्दाको संवाहक बनाउनुपर्छ । स्थानिय उद्योग धन्दाबाटै स्थानिय पुंजीगत स्रोत मात्र नभई बस्तुगत स्रोत साधनको अधिकतम उपयोग हुन्छ । उद्योग धन्दाको विकास नै आत्मनिर्भताको सूचक हो ।

स्थानिय स्रोत साधनलाई एकत्रित गर्न, त्यसको अधिकत्तम उपयोग गर्ने र वितरण गर्ने कार्य सहकारीले गर्दछ । स्थानिय तहको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासका साथै उद्योग धन्दाको विकास गरी देशलाई आत्मनिर्भर बनाउन सहकारी विकासमा जोड दिनुपर्दछ ।

धन्यबाद ।

# प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रमहरु



**हरि बल्ल**
सचिव

सभाध्यक्ष महोदय,

प्रमुख अतिथि, अतिथि, साधारण सभामा पाल्नुभएका प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु, पत्रकार बन्धुहरु तथा शुभेच्छुक महानुभावहरु ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको सचिव पदमा निर्विरोध निर्वाचित गराउनुभएकोमा सर्वप्रथम हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । सोही जिम्मेवारीको हैसियतले आ.व. २०७१।७२ को वार्षिक प्रगति प्रतिवेदन तथा चालु आ.व. २०७२।७३ को प्रस्तावित कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशीको अनुभूति भइरहेको छ ।

२०७२ बैशाख १२ र २९ गतेको विनाशकारी भूकम्प र त्यसपछिको पराकम्पनले लाखौं व्यक्तिहरुलाई घरबार विहिन बनाए । हजारौं व्यक्तिहरुको देहावसान भयो । यस दुखद घडीमा सम्पूर्ण दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछु । विपद् व्यवस्थापनका लागि सहकारीले अग्रसरता देखाएको छ । सहकारीको केन्द्रीय, जिल्ला तह र प्रारम्भिक संस्थाहरुले आ-आफ्नो क्षमता अनुसार भूकम्प पिडितहरुलाई सहयोग गरिरहेको छ । यस घटनाले विपद् व्यवस्थापनका लागि पुर्वतयारी गर्नुपर्ने पाठ सिकाएको छ ।

अहिले देशमा पुनः निर्माण चुनौती बने

को छ । यस चुनौतीको सामना गर्न सहकारी संस्थाहरु अग्रसर हुनुपर्छ र भएको देखिन्छ । आफ्ना सदस्यहरुको आवास पुनः निर्माणमा सहकारी संस्थाहरुले सहयोग स्वरुप पुन : निर्माण ऋणको व्यवस्था गरिसकिएको छ र गर्नुपर्दछ ।

बचत तथा ऋण सहकारी संस्थाहरु व्यवस्थित गर्न आर्थिक अध्यादेश २०७२ जारी भएको छ । संघीय लोकतान्त्रिक नेपालको संविधान जारी भएसंगै अध्यादेश गौण भएको छ । संविधानमा सहकारीलाई प्रदेश सभा र स्थानिय तहमा समावेश गरिएको छ । सहकारी स्थानिय समुदायको हो भन्ने कुरालाई संविधानले नै स्पष्ट पारेको छ । संघीय राज्य (केन्द्र)मा सहकारीको तहगत संरचना कस्तो हुने हो नयां सहकारी ऐन आएपछि मात्र स्पष्ट हुनेछ । सहकारी संजाललाई देशको कुना काप्चासम्म पहुंच पुऱ्याई सहकारी अभियानलाई सफल बनाउन बस्तुगत तीन तहको सहकारी संरचना हुनुपर्ने संघको माग रहिआएको छ ।

सहकारी मूल्य मान्यता अनुसार समुदायमा आधारित सहकारी संस्था मात्र सांचो अर्थमा सहकारी हो । यस तथ्यलाई मनन गरी समुदायमा आधारीत सहकारी संस्थाहरुको समुचित विकास एवंम गैर समुदायमा आधारित सहकारी संस्थाहरुलाई निरुत्साहित बनाउने सहकारी ऐन नियम निर्माण गर्नमा प्रदेश सभा र स्थानिय निकायहरुलाई सजग गराउनुपर्ने आजको आवश्यकता हो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको आ.व. २०७१।७२ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. साधारण सभाको समीक्षा

संघको दशौं वार्षिक साधारण सभा मिति २०७१ मंसिर १३ गते स्टार बैंक्वेट, कमलविनायकमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवंम माननीय सभासद् नारायणमान विजुक्छेंको प्रमुख आतिथ्यतामा सम्पन्न भएको यहांहरुलाई सर्वविदितै छ । सो सभाबाट राधेश्याम सुवालको अध्यक्षतामा नौ सदसीय संचालक समिति र श्रीराम लामिछानेको संयोजकमा ३ सदसीय लेखा समिति निर्बिरोध निर्वाचित गराउनु भएकोमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

## २. सदस्यता

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको साझा संगठनको रुपमा अगाडि बढीरहेको यस संघले ऐच्छिक तथा खुल्ला सिद्धान्तलाई अंगिकार गरी समुदायमा आधारित भई सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप संचालनको सुनिश्चिततालाई कायम राखीएका आवेदक संस्थाहरुको स्थलगत निरिक्षण पश्चात सदस्यता प्रदान गर्दै आईरहेको व्यहोरा जानकारी गराउंदछु ।

आ.व. २०७०।०७१ मा १५७ वटा सदस्य रहेकोमा यस आ.व. मा देहाय १० वटा थप भई जम्मा १६७ वटा सदस्य संख्या पुगेको जानकारी गराउंदछु । हालसम्ममा १७० वटा संस्थाले सदस्यता लिइसके को जानकारी गराउंदछु ।

## सदस्यता (Membership)

| संस्थाको नाम | ठेगाना | सदस्यता प्रदान मिति |
|---|---|---|
| १. जयश्री गणेश साकोस | नगदेश -६, भक्तपुर | २०७१।७।१३ |
| २. मध्यपुर थिमी साकोस | शंखधरचोक - १४, थिमी | २०७१।७।१६ |
| ३. चौतारी साकोस | कटुन्जे - ७, भक्तपुर | २०७१।११।८ |
| ४. हाम्रो अरनिको साकोस | भ.न.पा. - १०, भक्तपुर | २०७१।११।८ |
| ५. सागवारी साकोस | कौशल्टार १५, भक्तपुर | २०७१।११।१० |
| ६. उच्च महिला साकोस | दुधपाटी - १७, भक्तपुर | २०७१।११।११ |
| ७. जनस्मृती साकोस | व्यासी - १५, भक्तपुर | २०७१।१२।१० |
| ८. घरपरिवार साकोस | दधिकोट - ९, भक्तपुर | २०७२।३।६ |
| ९. ओस्ला साकोस | शंखधरचोक - १३, थिमी | २०७२।३।७ |
| १०. समता साकोस | बाहाखाबजार -७, भक्तपुर | २०७२।३।१६ |

## ३. वित्तीय प्रगति

संघको वित्तीय प्रगति सम्बन्धमा कोषाध्यक्षको विस्तृत आर्थिक प्रतिवेदनबाट यहांहरुले जानकारी पाउनु हुनेछ । तसर्थ म संक्षेपमा मात्र वित्तीय प्रगतिबारे समिक्षा गर्न अनुमति चाहन्छु । २०७०।०७१ असारसम्ममा कुल वासलात रकम रु.२२,५४,८६,६५८।५६ (२२ करोड ५४ लाख ८६ हजार ६ सय ५८ रुपैंया ५६ पैसा मात्र) रहेकोमा आ.व. २०७१।०७२ असारसम्ममा रु. २७,८४,६६,८३८।२३ (२७ करोड ८४ लाख ६६ हजार ८ सय ३८ रुपैंया २३ पैसा मात्र) पुर्‍याउन सफल भएको छ । कूल आम्दानी रु. २,१०,७०,२६६।७४ (२ करोड १० लाख ७० हजार २ सय ६६ रुपैंया ७४ पैसा मात्र) कूल खर्च रु.१,७४,८७,७७०।१४ (१ करोड ७४ लाख ८७ हजार ७ सय ७० रुपैया १४ पैसा मात्र) खर्च भई कूल बचत रु. ३५,८२,४९६।६० (३५ लाख ८२ हजार ४ सय ९६ रुपैंया ६० पैंसा मात्र) रहेको छ ।

## ४. तालिम तथा कार्यक्रम

संघको प्रमुख सेवा तालिम तथा शिक्षा कार्यक्रम हो । सदस्य संस्थाहरुको संस्थागत तथा

व्यवसायिकता विकास हुने तालिम तथा कार्यक्रमहरु गरिंदै आइरहेको यहांहरुलाई सर्वविदितै छ । आ.व. २०७१।०७२ मा देहायका तालिम तथा कार्यक्रमहरु सम्पन्न गरेको छ ।

क) सहकारी समन्वय उपसमितिको आयोजनामा मिति २०७१ भाद्र २० गते कर सम्बन्धी अर्न्तक्रिया कार्यक्रम सिद्धि गणेश तालिम हलमा सम्पन्न भयो । जसमा सदस्य संस्थाहरु मध्येबाट १२० जनाको उपस्थिति रह्यो ।

ख) लेखा समितिको आयोजनामा मिति २०७१ भाद्र २७ गते लेखा समितिको भुमिका विषयक कार्यशाला गोष्ठी कार्यक्रम सुर्यविनायक पार्टी भेन्यूमा सम्पन्न भयो । जसमा सदस्य संस्थाहरु मध्येबाट ६६ जनाको उपस्थिति रह्यो ।

ग) वित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा मिति २०७१ असोज ३० गते पर्ल्स अनुगमन प्रणाली तालिम नेपाल रेडक्रस सोसाइटीको सभा हलमा सम्पन्न भयो । जसमा सदस्य संस्थाहरु मध्येबाट २६ जनाको उपस्थिति रह्यो ।

घ) महिला सशक्तिकरण उपसमितिको आयोजनामा २०७१ फाल्गुण ६ गते महिला नेतृत्व विकास तालिम सम्पन्न भयो । उक्त कार्यक्रममा सदस्यसंस्थाहरुबाट ५५ जना महिलाहरुको सहभागिता रह्यो ।

ङ) वित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा आधारभूत लेखा तालिम २०७२ चैत्र ६ देखि ७ गते र २०७२ चैत्र १४ देखि १५ गते दुई चरणमा सम्पन्न भयो । उक्त कार्यक्रममा ४६ जनाको उपस्थिति रह्यो ।

च) वित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा मिति २०७१ चैत्र १३ देखि १४ गते ऋण व्यवस्थापन तालिम सम्पन्न भयो । जसमा सदस्य संस्थाहरु मध्येबाट ३४ जनाको उपस्थिति रह्यो ।

छ) राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा मिति २०७१ चैत्र २० गते प्रभातफेरी कार्यक्रम सम्पन्न भयो ।

ज) संस्थागत विकास उप-समितिको आयोजनामा मिति २०७१ फाल्गुन २३ र २४ गते

संस्थागत विकास तालिमको तेश्रो चरण चेतना केन्द्र बुडोल, बनेपामा सम्पन्न भयो ।

झ) संघको अर्धवार्षिक समिक्षा २०७१ फाल्गुन २४ गते चेतना केन्द्र बुडोल, बनेपामा सम्पन्न भयो ।

ञ) संघको मिति २०७२ असार ११ र १२ गते सहकारी समन्वय उपसमिति र सदस्यता उपसमितिको संयुक्त आयोजनामा संघमा आवद्धता तथा कर सम्बन्धि अन्तक्रिया कार्यक्रम स्टार बैंक्वेट, कमलविनायक र यचु पार्टी भेन्यू, थिमिमा सम्पन्न भयो । जसमा १३९ जनाको उपस्थिति रह्यो ।

## ५. कार्यालय संचालन तथा व्यवस्थापन

कार्यालय समय बिहान १०:०० बजे देखि बेलुकी ५:०० बजेसम्म सार्वजनिक विदा बाहेक हरेक दिन कार्यालय संचालन गर्दै आइरहेका छौं । कार्यालयको दैनिक प्रशासन सहजताको लागि कार्यविभाजन सहितको दरबन्दी सृजना गरी व्यवस्थापक सहित ४ जना कर्मचारीहरु व्यवस्थापन गरिएको छ । यस व्यवस्थालाई व्यवस्थित गर्न कर्मचारी नीति र आर्थिक प्रशासन नीति संशोधन गर्ने प्रस्ताव यस सभामा पेश गरिएको छ ।

## ६. सहभागिता

सदस्य संस्थाहरुको साधारण सभामा संघको प्रतिनिधित्व अनुसुची १, पेज नं. ४२ मा प्रस्तुत गरिएको छ ।

## ७. सूचना तथा प्रकाशन

आमजनमानस र सदस्य संस्थाहरुमा छिटो छरितो तरिकाले संघ र माथिल्लो संघका सूचना सम्प्रेशन गर्न आधुनिक संचारका माध्यम ईमेल, फेसबुक र वेवसाइटका साथै पत्रपत्रिकाहरुको उपयोग गर्दै भक्तपुर एफ.एम. १०५.४ मेघाहर्जमा रेडियो कार्यक्रम “सहकार्य” हरेक हप्ता मंगलबार विहान ८ बजे देखि ९ बजेसम्म संचालनमा निरन्तरता दिंदै आइरहेको छ । संघ एवम् सदस्य संस्थाहरुको गतिविधिहरुलाई प्रोत्साहीत गर्ने उद्देश्यका साथ बर्ष ७ अंक १० को सहकार्य बुलेटीन प्रकाशन गरेको कुरा अवगत गराउंदछु । संघको आर्थिक एवम् अन्य गतिविधिहरुलाई सदस्यमाझ पारदर्शिताको लागि वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्दै आईरहेको छ ।

## ८. बैठक संख्या:

आ.व. २०७१।०७२ मा समिति उपसमितिको बैठक निम्न अनुसार भएको छ ।

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | - १९ पटक |
| २. | लेखा समिति | - ७ पटक |
| ३. | संस्थागत विकास उपसमिति | - ३ पटक |
| ४. | वित्तीय सेवा प्रवर्द्धन उपसमिति | - ११ पटक |
| ५. | सदस्यता उपसमिति | - ५ पटक |
| ६. | प्रकाशन उपसमिति | - २ पटक |
| ७. | महिला शसक्तिकरण उपसमिति | - ३ पटक |
| ८. | सहकारी समन्यय उपसमिति | - ३ पटक |

## ९. कार्यक्रममा सहभागिता

विभिन्न संघ/संस्थाद्धारा आयोजित कार्यक्रमहरुमा संघको सहभागीता अनुसुची २, पेज नं. ४५ मा प्रस्तुत गरिएको छ ।

## १०. अर्न्तराष्ट्रिय सहभागिता

संघले सहकारीका राष्ट्रिय अर्न्तराष्ट्रिय कार्यक्रममा सहभागिता जनाउदैं आइरहेको छ । मिति २०७१ मंसिर २९ गते देखि २०७१ पौष ३ गते सम्पन्न भारतको पुना स्थित CICTAB को आयोजनामा भएको Explosure Visit मा संघका अध्यक्ष राधेश्याम सुवालको सहभागिता रह्यो ।

## ११. लाभांष प्रस्ताव

संघको आर्थिक कारोबारको आधारमा आ.व. २०७१।७२ को कुल नाफालाई विनियममा व्यवस्था भए बमोजिम कोष बांडफांड गरि लाभांष कोषको रकमबाट १३ प्रतिशत लाभांष प्रदान गर्ने संचालक समितिको निर्णय प्रस्ताव पारितका लागि यस सभामा पेश गर्दछु ।

## १२. भावी कार्यक्रमहरु

संघको आ.व. २०७२।०७३ को भावी कार्यक्रमहरु अनुसुची ३, पेज नं. ४६ मा प्रस्तुत गरिएको छ ।

## १३. विनियम संशोधन प्रस्ताव

संघको विनियम २०६२ मा तपसिल बमोजिम विनियम संशोधन गर्ने संचालक समितिको निर्णय प्रस्ताव पारितका लागि पेश गर्दछु ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुरको विनियम २०६२ को दफा ५० ले दिएको अधिनमा रहि मिति २०७२ मंसिर १९ गते शनिवार एघारौं बार्षिक साधारण सभामा पारितका लागि प्रस्तुत विनियम संशोधन प्रस्ताव :

| क.सं | दफा | हाल व्यवस्था | संशोधनपछि हुने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १. | परिच्छेद ३, दफा ११ उपदफा १ | १) सदस्य संस्थाहरुले संघको साधारण सभामा एक प्रतिनिधि पठाउन, संचालकहरुको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न संघद्धारा प्रदत्त सेवा तथा सुविधाहरुको हकदार हुन पाउने छ । | १) सदस्य संस्थाहरुले संघको साधारण सभामा संस्थाको संचालक समितिबाट एक जना प्रतिनिधि पठाउन, संचालकहरुको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न संघद्धारा प्रदत्त सेवा तथा सुविधाहरुको हकदार हुन पाउने छ । | सदस्य संस्थाको प्रतिनिधि संस्थाको संचालक समितिबाट हुनुपर्ने प्रावधान स्पष्ट गरी संघका गतिविधिहरु प्रतिनिधिमार्फत संस्थामा नियमित संचार गर्न तथा संघको निर्देशन कार्यान्वयन गर्न गराउन बाञ्छनीय भएकोले । |
| २. | उपदफा २ | | २) संघको प्रतिनिधित्व गर्ने व्यक्ति संस्थाको संचालक समितिबाट हटेको अवस्थामा संघको प्रतिनिधि पनि स्वत हट्नेछ । पुनश्च : यो उपदफा आगामी निर्वाचनबाट लागू हुनेछ । | |

## १४. नीति संशोधन

संघको नीतिहरु २०६८  मा अनुसुची ४, पेज नं. ४७ मा प्रस्तुत भए बमोजिम संशोधन गरिएको व्यहोरो अनुमोदनको लागि पेश गरिएको छ ।

अन्त्यमा एघारौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका आ.व. २०७१।०७२ को प्रगति प्रतिवेदन तथा आ.व. २०७२।०७३ को प्रस्तावित कार्यक्रम माथि छलफल गरि पारित गरिने विश्वासका साथ विदा हुन्छु ।

जय सहकारी ।

# आर्थिक प्रगति तथा अनुमानित बजेट



कृष्णगोविन्द लाखाजू
कोषाध्यक्ष

सर्वप्रथम यस संघको एघारौं साधारणसभामा पाल्नु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन । यस संघको कोषाध्यक्षको हैसियतले यस साधारणसभामा वित्तीय प्रगति विवरण र अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा खुशी लागेको छ ।

देशमा नयां संबिधान घोषणा भैसकेको छ । देशमा भैरहेको परिवर्तन र त्यसवाट सहकारीमा पर्न सक्ने प्रभाव वारे छलफल गर्न बांकी छ । छिमेकी राष्ट्र भारतले नेपालमा आफ्नो प्रभुत्व जमाउने प्रवृतिले नाकाबन्दी गरेको छ । विनासकारी भूकम्पवाट भएको क्षतिको राहत पाउंन सकिरहेको छैन । देशको सार्वभौमसत्ता र स्वाभिमानमा आंच नआउने गरी स्वतन्त्र देशका नागरिकले सुलभ तरिकाले जीवन यापन गर्न पाउनु पर्ने हो । तर सारा देशबासीले कष्ट भोगिरहेको छ । हामी सहकारीकर्मी र सहकारी संस्थाहरु पनि त्यसवाट अछुटो छैन ।

नेपालको संबिधान २०७२ को दफा ५१ मा राज्यले अवलम्वन गर्ने नीतिहरु मध्ये अर्थ, उद्योग र बाणिज्य सम्वन्धी नीतिमा “सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने” उल्लेख भएवाट सहकारीको भूमिका अझ बढ्दो छ । सविधानको अनुसूचीमा सहकारीलाई स्थानीय, प्रदेश र संघमा समावेश गरिएको छ । सहकारी ऐनको नयां मस्यौदाका वारेमा पनि चर्चा छ । यस वारेमा सुक्ष्म अध्ययन

बांकि छ । विगत वर्षहरुको सहकारी दिवसहरुमा स्वाधीन अर्थतन्त्रका लागि सहकारी र आयात प्रतिस्थापनका लागि सहकारी व्यवसाय भन्ने नारा राखियो । तर सो अनुसार राज्यको नीति र सहकारी अभियानको वाटो त्यस तर्फ उन्मुख नभईदिंदा त्यस तर्फ खासै उपलब्धि हासिल गर्न सकेको अवस्था छैन ।

यति हुंदाहुंदै सहकारीका केहि सवल पक्षहरु पनि छन् । सहकारी क्षेत्रमा हामी बचत, ऋण अर्थात वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको भूमिकामा छौं । अन्य सहकारी भन्दा बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुको उपस्थिति बढी छ । अरु सहकारी भन्दा बचत तथा ऋण सहकारीले देशको अर्थतन्त्रमा थप योगदान पुऱ्याएको छ । वित्तीय सहकारीको पहुंच गाउं बस्ती सम्म पुगेको छ । सदस्यहरुले सुलभ तरिकाले ऋण प्राप्त गरी आ-आफ्नो व्यापार व्यबसाय बढाउन पाएका छन् । रोजगारीका अवसर पाएका छन् । शिक्षा, तालीम सदस्यहरुले पाईरहेका छन् । सहकारी मूल्य मान्यता अनुसार काम नगर्ने केहि संस्थाहरुले वाहेक बचतको माध्यमबाट आयमुलक र शिपमुलक तालीम तथा कृषि उत्पादन र जनस्वास्थ्य जस्ता क्षेत्रमा पनि सेवा पुऱ्याइएका छन् ।

बचत तथा ऋण सहकारी संस्थाहरुमा केहि संस्थाहरुको गैर सहकारी क्रियाकलापले देखापरेका विकृतिलाई नियन्त्रण गरी सहकारी मूल्य मान्यतामा सञ्चालित सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने हो, भने समुदायमा आधारित सहकारी संस्थाहरुको प्रबर्द्धन त हुन्छ नै, सहकारी मार्फत सामाजिक तथा आर्थिक रुपान्तरण गर्न समेत टेवा पुग्छ । सहकारी संघ संस्थाहरुमा संचित रहेको बचत तथा कोषहरुलाई उत्पादन मूलक कार्यमा लगानी गर्न सक्यो भने राष्ट्रकै अर्थतन्त्रमा थप टेवा मिल्न सक्छ । सहकारी विभागद्धारा जारी सहकारी संघ/संस्था संचालन सम्वन्धी मापदण्ड, २०६८ को बुदां नंम्वर ३३ मा विभागको पूर्व स्वीकृतिमा संस्थाले जगेडा कोषमा राखिएको रकमबाट पचास प्रतिशत सम्म सहकारी संघ/संस्थाहरुको लगानीमा स्थापना हुने उद्योग व्यवसायमा लगानी गर्न सक्ने व्यवस्था गरिएकोछ । अहिलेको सन्दर्भमा यस तर्फ पनि ध्यान जान जरुरी देख्दछु ।

यस संघ भक्तपुरमा रहेका समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको साझा संगठन हो । विशेषगरी बचत तथा ऋण सहकारी क्षेत्रमा देखिएका चुनौती तथा समस्याहरुको सामूहिक रुपमा समाधान गर्न र सहकारीमा तीन तहको तहगत संरचना हुनु पर्छ भन्ने पक्षमा उभिँदै आएको यस संघ सवल र आत्मनिर्भर संघको रुपमा अगाडी बढीरहेको छ । जिल्लाको पैसा जिल्लामै परिचालन गर्ने अवधारणालाई आत्मसात गर्दै यस संघले आर्थिक कारोवार गर्दै आएको कुरा यहांहरु माझ छिपेको छैन । गत विगत वर्ष देखि नै संघको आर्थिक कारोवार काउण्टरबाट गर्दै आएको कुरा यहांहरुमा अवगत भएकै कुरा हो । त्यसले संघको आर्थिक कारोवारमा बढ्दोतरी

भई आत्मनिर्भर बनाउन सघाएको छ र व्यवसायमुखी पनि बनाएको छ ।

यस संघ व्यवसायमूखी मात्र नभई सदस्य संस्थाहरुको क्षमता अभिवृद्धिमा पनि लागिरहेको छ। सदस्य संस्थाहरुको क्षमता बृद्धिका लागि संस्थागत विकास तालिम, लघुवित्त कार्यक्रम वारेमा जानकारी, लेखा तथा पर्ल्स अनुगमन प्रणाली जस्ता तालीमहरु आयोजना गर्दै आएकोछ ।

अब म यस संघको आ.व.२०७१।७२ मा उपलब्धी गरेको वित्तीय प्रगति प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोत तर्फको प्रगति** (रु.०००)

| विवरण | २०७०।७१ सम्मको यथार्थ | २०७१।७२ को अनुमानित | २०७१।७२ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | बार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ६,३१४ | ८,२०० | ८,०७८ | २७.९४ | ९८.८१ |
| बचत निक्षेप | २१२,९३३ | २५५,००० | २६०,९१५ | २२.५३ | १०२.३२ |
| कोषहरु | ४,९१७ | ६,१०० | ७,०७२ | ४५.६९ | ११५.९३ |
| अन्यदायित्व | १,३२२ | १,३०० | २,४०१ | ८३.६३ | १८४.७० |
| **जम्मा** | **२२५,४८६** | **२७०,६००** | **२७८,४६६** | २३.५४ | १०२.९१ |

**उपयोग तर्फको प्रगति** (रु.०००)

| विवरण | २०७०।७१ सम्मको यथार्थ | २०७१।७२ को अनुमानित | २०७१।७२ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | बार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| लगानी | १२५,७२६ | २१०,००० | २०४,६३९ | ६२।७७ | ९७.४५ |
| सम्पति सामान | ५५० | ७०० | ५३७ | (२।२३ | ७६.८० |
| पाउनु पर्ने | ३८४९ | ४,००० | ६१५० | ४९।५८ | १५३.७४ |
| तरलता | ९५३६१ | ५५,९०० | ६७,१४० | (२९।५४ | १२०.११ |
| **जम्मा** | **२२५,४८६** | **२७०,६००** | **२७८४६६** | २३।५४ | १०२.९१ |

**आम्दानी र खर्च तर्फको प्रगति** (रु.०००)

| विवरण | २०७०।७१ सम्मको यथार्थ | २०७१।७२ को अनुमानित | २०७१।७२ सम्मको यथार्थ | गतवर्ष भन्दा वृद्धि प्रतिशत | बार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| आम्दानी | १६३१२ | २०५५२ | २१०७० | २९।७१ | १०२।५२ |
| खर्च | १४४२९ | १८०५२ | १७४८८ | २१।२० | ९६।८७ |
| बचत (नाफा) | १८८३ | २५०० | ३५८२ | ९०।२५ | १४३।३० |

माथी उल्लेखित वित्तीय विवरणले संघको वित्तीय स्थिति उभो लागेको प्रष्ट हुन्छ। ऋण लगानीमा अपेक्षाकृत उपलव्धि नभए पनि वित्तीय तथा तरल लगानी मार्फत संघको आय व्यवस्थापन गरि एकोछ । संघमा आवद्ध संस्थाहरुले संघमा गरेको आर्थिक कारोवार नै संघको मुख्य कारोवार हो । त्यसैले सदस्य संस्थाहरुले संघमा जम्मा गर्ने शेयर तथा बचतले संघको कूल सम्पति बढाउंछ भने

ऋण मागले  संघको आय क्षमता बढाउंछ । अधिकांश सदस्य संस्थाहरुमा तरलता प्रयाप्त देखिएको छ । जसले गर्दा ऋण लगानी हुन नसकि संघमा अधिक तरलता कायम भएको छ । संघको ऋण नीति बमोजिम सदस्य संस्थावाट माग गरिएको ऋण नियमानुसार लगानी भइनै रहेकोछ । संघको ऋण लगानीमा व्यापकता ल्याउनका लागि व्याज दर परिमार्जित गरी ऋणको सीमा पनि बढाइएको छ । तापनि अपेक्षाकृत ऋण लगानी हुन सकेको अवस्था छैन । सदस्य संस्थाहरुमा तरलता कमी नभएको वा ऋण आवश्यक नभएकोले पनि ऋण माग नभएको हो कि भन्ने कुरा संस्थाहरुको वित्तीय विवरणवाट पनि केहि अनुमान गर्न सक्छौं ।

त्यसै गरी विगत वर्षहरु देखिनै यस संघमा बचत निक्षेपको तुलनामा शेयर पूंजीको कमी छ । कुल सम्पतिको आधारमा संघको शेयर पूंजी बढाउनका लागि सम्पूर्ण सदस्य संस्थाहरुलाई आव्हान गर्न चाहन्छु ।  साथै संघलाई वित्तीय रुपमा थप सवल र सक्षम बनाउनका लागि विगतमा झैं आउंदा दिनमा सम्पूर्ण सदस्य संस्थाहरुले यस संघमा थप वित्तीय कारोवार गर्नु हुने विश्वास गरेको छु ।

अव म आ.व.२०७१।७२ को अनुमानित बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोत तर्फको प्रगति** **(रु.०००)**

| विवरण | २०७१।७२ को अनुमानित | २०७१।७२ सम्मको यथार्थ | २०७२।७३ को अनुमानित |
|---|---|---|---|
| शेयर पूँजी | ८,२०० | ८,०७८ | १०,००० |
| बचतनिक्षेप | २५५,००० | २६०,९१५ | ३००,००० |
| कोषहरु | ६,१०० | ७,०७२ | ८४०० |
| अन्यदायित्व | १,३०० | २,४०१ | २००० |
| **जम्मा** | **२७०,६००** | **२७८,४६६** | **३२०,४००** |

**उपयोग तर्फको प्रगति** **(रु.०००)**

| विवरण | २०७१।७२ को अनुमानित | २०७१।७२ सम्मको यथार्थ | २०७२।७३ को अनुमानित |
|---|---|---|---|
| लगानी | २१०,००० | २०४,६३९ | २५०,००० |
| सम्पति सामान | ७०० | ५३७ | ६७० |
| पाउनु पर्ने | ४,००० | ६,१५० | ५,५०० |
| तरलता | ५५,९०० | ६७,१४० | ६४,२३० |
| **जम्मा** | **२७०,६००** | **२७८४६६** | **३२०४००** |

**आम्दानी तर्फ** (रु.०००)

| विवरण | २०७१।७२ को अनुमानित | २०७१।७२ सम्मको यथार्थ | २०७२।७३ को अनुमानित |
|---|---|---|---|
| व्याज आम्दानी | १८,१५२ | १९,३२९ | २३,७२७ |
| ऋण सुरक्षण शुल्क | १,१०० | ४७२ | ५०० |
| अन्य आम्दानी | १,३०० | १,२६९ | १,२०० |
| **जम्मा** | **२०५५२** | **२१०७०** | **२५४२७** |

**खर्च तर्फ** (रु.०००)

| विवरण | २०७१।७२ को अनुमानित | २०७१।७२ सम्मको यथार्थ | २०७२।७३ को अनुमानित |
|---|---|---|---|
| व्याज खर्च | १३,६७४ | १४,४८० | १७,३०० |
| प्रशासनिक तथा सहकारी कार्यक्रम खर्च | ४३७८ | ३००८ | ३८८४ |
| बचत (नाफा) | २,५०० | ३५८२ | ४२४३ |
| **जम्मा** | **२०५५२** | **२१०७०** | **२५४२७** |

अन्त्यमा प्रस्तुत वित्तीय प्रगति विवरण र आ.व.२०७२।७३ को अनुमानित बजेट तथा लेखा परीक्षक वि.आर.वि.एस.एण्ड एसोसियट्सको तर्फबाट सि.ए. विजय सुकुपायोद्धारा प्रस्तुत यस संघको आ.व.२०७१।७२ को लेखापरीक्षण प्रतिवेदन समेत यस सभावाट पारित गरि दिनु हुन अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ।

# वार्षिक प्रतिवेदन

सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, उपसमितिका सदस्यज्यूहरु तथा यस साधारणसभामा उपस्थित प्रतिनिधि एवम् पत्रकार ज्यूहरु सबैमा हार्दिक अभिवादन ।



**श्रीराम लामिछाने**
संयोजक
लेखा सुपरिवेक्षण समिति

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२ बैशाख २१ गते डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता नं. ९०।०६१।६२ मा दर्ता भएको संघ हो । यो संघ स्थापनाकाल देखि प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरुसंग हातेमालो गर्दै आ.व. २०७१।०७२ को अन्त्यमा १६७ वटा संस्था संघमा आबद्ध गराउन सफल भएको छ । हाल सम्ममा १७० वटा संस्था आबद्ध भइसकेको छ । सदस्य संस्थाहरुलाई शिक्षा, तालिम, गोष्ठी आदी मार्फत दायित्व बोध गराउन सकेकाले यस संघ सहकारी अभियानमा राष्ट्रियस्तरको उत्कृष्ट, लोकप्रिय र आशा भरोसाको रुपमा अभिभावकत्व प्रदान गर्दै आफुलाई उभ्याउन सकेको छ ।

२०७२ बैशाख १२ गतेको विनासकारी भूकम्प तथा त्यस पछिका पराकम्पनका कारण अधिकांश संस्थाहरुमा जनधनको क्षतिप्रति दुख प्रकट गर्दै संघको लेखा समिति

संबेदनशील बनेको र आवश्यक कार्यक्रम हुनुपर्दछ भन्ने मान्यतामा रहेको व्यहोरा सम्मानित सभा समक्ष व्यक्त गर्दछु ।

लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति भएकोले संघमा लेखा र लेखा राख्ने विधिको सुक्ष्म अध्ययन अनुगमन गरेको जानकारी गराउदछु । संघबाट भएका सम्पूर्ण कारोबारहरु ठीक ढंगले इमान्दारीपूर्वक, सहकारी मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, संघको विनियम नीति अनुरुप भएका छन् छैनन भनी सुपरिवेक्षण गर्ने र गल्ती कमजोरी भए समयमै सच्याउन सुझाव यस समितिले दिदैं आएको छ ।

यस समितिले विना भेदभाव संघका सदस्य संस्थाहरुको शेयर, निक्षेप, ऋण र व्याजको जांच गर्ने, आम्दानी खर्चको भौचर रुजु गर्ने एवं संचालक समितिले गरेका काम कारवाहीको बारेमा सुक्ष्म अध्ययन गरी सुझाव दिदैं आएको छ भने यस समितिबाट सदस्य संस्थाका लेखा समितिलाई लक्षित गरी ७५ जनाको सहभागीतामा मिति २०७१ भाद्र २७ गते लेखा समितिको भूमिका र प्रतिवेदन ढांचा विषयक कार्यपत्र प्रस्तुत गरी सदस्य संस्थाको उक्त समितिलाई थप क्रियाशिल गराउन मद्दत पुगेको महशुस गरेका छौं ।

"लेखा सुपरिवेक्षण समितिको रचनात्मक भूमिका संघ सफलताको आधार" भन्ने नारालाई आत्मसाथ गर्दै सहकारी संस्थाको हक अधिकारप्रति सदैव संवेदनशील बनी संघमा शुसासन कायम गर्नको लागि विद्यमान नीति, नियम, विनियम, ऐन, नियमावली मापदण्ड अनुसार आन्तरिक अनुगमन र नियन्त्रण गर्ने कार्य गर्दै सुझाब दिएका छौं ।

आदरणिय प्रतिनिधिज्यूहरु,

संघको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सहकारी विभागद्वारा जारी सहकारी संघ संस्था दर्ता संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०६८ अनुसार प्रस्तुत गर्नुपर्ने भएकोले उक्त मापदण्डका आधारमा तयार गरिएको छ ।

## १. बितीय अवस्था विश्लेषण

| क्र.सं. | विवरण | आ.ब.०७१/७२ को यथार्थ | आ.ब.०७०/७१ को अनुमानित | आ.ब.०७१/७२ को यथार्थ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | १५७ | १७५ | १६७ | ६% |
| २ | शेयरपूँजी | ६,३१४,०००.०० | ८२०००००.०० | ८०७८०००.०० | २८% |
| ३ | निक्षेप | २१२,९३२,९६९.७१ | २५,५००,०००.०० | २६०,९१५,७६५.८५ | २३% |
| ४ | ऋण लगानी | १८,५६३,५८६.०० | ११,०००,०००.०० | २९,६०८,३१८.०० | ५९% |
| ५ | सम्पत्ति सामान | ५४९,८२४.४० | ७००,०००.०० | ५३७,५७८.१९ | -२% |
| ६ | व्याज आम्दानी | १४,८११,९३०.६९ | ११,२९५,०००.०० | १९,३२९,१८७.१६ | ३०% |
| ७ | व्याज खर्च | ११,६३९,१५६.०० | १३,६७४,०००.०० | १४,४८०,२००.३९ | २४% |
| ८ | वासलात कुल सम्पत्ति | २२५,४८६,६५८.५६ | २०,५५२,०००.०० | २७८,४६६,८३८.२३ | २३% |
| ९ | बचत(नाफा) | १,८८३,०५४.३० | २,५००,०००.०० | ३५,८२४९६।६० | ९०% |
| १० | जगेडा तथा अन्य कोष | ४,९१७,३७३.०१ | ६,१००,०००.०० | ७,०७१,९३०.२८ | ४४% |

उपर्युक्त तालिका अनुसार संघले शेयर बृद्धि, ऋण लगानी, र सदस्यता बृद्धि गर्न प्रभावकारी कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

## २. अघिल्लो साधारण सभाको निर्णय

संघको दशौं वार्षिक साधारण सभा २०७१ मंसिर १३ गते स्टार बैंक्वेट कमलविनायकमा ने.म.कि.पा. का अध्यक्ष एवम् सभासद् नारायणमान बिजुक्छेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो साधारण सभाबाट पारित निर्णयहरुमध्ये तपसिलका महत्वपूर्ण निर्णयहरु कार्यान्वयन भएको देखिन्छ ।

(क) संघको अधिकांश प्रस्तावित कार्यक्रमहरु सम्पन्न भएका छन् ।

(ख) आ.ब.२०७१/७२ मा व्याजदर समायोजन, प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्न संचालक समिति र उपसमितिहरुले बैठक बसी उपयुक्त निर्णय गरी कार्य गरेको देखिन्छ ।

## ३. आ.ब.२०७१/७२ मा बैठक

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | १९ |
| २ | लेखा समिति | ७ |
| ३ | संस्थागत विकास उपसमिति | ३ |
| ४ | बित्तीय सेवा प्रवर्द्धन उपसमिति | ११ |
| ५ | प्रकाशन उपसमिति | २ |
| ६ | महिला सशक्तिकरण उपसमिति | ३ |
| ७ | सदस्यता उपसमिति | ५ |
| ८ | सहकारी समन्वय उपसमिति | ३ |

## ४. ऋण लगानीको प्रक्रियामा धितो सुरक्षण

संघ वित्तीय संस्था भएकोले प्रारम्भिक सहकारी संस्थाहरुसंग निक्षेप स्विकार गर्नु र प्रारम्भिक संस्थाहरुलाई ऋण प्रदान गर्नु संघको प्रमुख कार्य हो । सोही अनुसार प्रारम्भिक संस्थाहरुको वित्तीय विश्लेषण गरी संघले शेयर तथा जगेडाकोषको आधारमा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको संयोजकको सिफारिसमा संचालक समितिको स्विकृतिमा अल्पकालीन ऋण बढीमा रु.२०,००,०००।-(बीस लाख रुपैयां मात्र) ऋण प्रदान गर्दै आइरहेको छ । धितो जमानीमा दीर्घकालीन ऋण प्रदान गर्न वित्तीय सेवा प्रवर्द्धन उपसमितिले स्थलगत निरीक्षण गरी मूल्याङ्कन गरेको रकमको ६०% देखि ७०% ले नबढ्ने गरी वित्तिय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा संचालक समितिले निर्णय गरी दृष्टि बन्धकी गरेर अधिकतम

रु.५०,००,०००।- (पचास लाख रुपैंया मात्र) ऋण प्रवाह गर्दै आइरहेको छ । संघले लगानी गरेको ऋण रकममध्ये आ.ब.२०७१/७२ को मसान्तसम्ममा कुनै पनि भाखा नाघेको ऋण नहुनु सकारात्मक पक्ष हो । संघले सहकारी मापदण्ड अनुसार ऋण लगानीमा जोखिमको व्यवस्था गरेको छ ।

## ५. सहकारी मापदण्डहरुको पालना

यस संघ सहकारी ऐन, नियम र सिद्धान्त एवं सहकारी मापदण्ड २०६८ द्वारा निर्देशित मापदण्डहरु बमोजिम परिचालित छ ।

## ६.अनुगमन निर्देशन एवम् सुझाव कार्यान्वयन

यस समितिले संघको निर्णय पुस्तिका, आर्थिक प्रगति प्रतिवेदन र व्यवस्थापकीय प्रक्रियाको नियमित अनुगमन गरी आवश्यक सुझावहरु दिंदै आइरहेको छ। उक्त सुझावहरु अधिकांश पालना भएको देखिन्छ ।

## ७. पदाधिकारी पारिश्रमिक, भत्ता र सुविधा

संघका संचालक, लेखा समितिका र उपसमितिका पदाधिकारीहरु सहकारी ऐन तथा मापदण्ड विपरित कुनै पारिश्रमिक, भत्ता र सुविधा लिएको छैन । संघको निर्णय अनुसार देहाय अवस्थामा पारिश्रमिक, भत्ता तथा सुविधा लिएको पाइन्छ ।

७.१ भत्ता-संघको संचालक, लेखा समिति र उपसमितिका पदाधिकारीहरुले प्रति बैठक भत्ता रु.५००।- का दरले बुझ्ने गरेको छ ।

७.२ सुविधा- संघको तर्फबाट प्रतिनिधि भई जांदा पदाधिकारीहरुलाई प्रति दिन परिवहन खर्च रु. ५००।- दरले दिने गरेको छ ।

## ८. कर्मचारी प्रशासन

संघलाई व्यवस्थित र मर्यादित बनाउन कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहन्छ ।

कर्मचारीहरु संघ/संस्थाका हात खुट्टा हुन् जसले सम्पूर्ण कार्यहरुलाई व्यवस्थित गर्दछ। तसर्थ कर्मचारी प्रशासन आजको सहकारीको आवश्यकता हो।

८.१ कर्मचारी प्रशासन नीति र यसको प्रयोग संघमा हाल कर्मचारी प्रशासन नीति २०६८ पारित भई कर्मचारी भर्ना लगायत प्रशासनीक कार्यको लागि प्रयोग भइरहेको देखिन्छ।

८.२ कर्मचारी कार्य विभाजन संघले सबै कर्मचारीहरुलाई योग्यता र सक्षमताको आधारमा समानुपातिक रुपमा कार्य विभाजन गरेको छ। कार्यालय प्रमुख वा अन्य पदाधिकारीहरुले कुनै पनि कर्मचारी माथि पुर्वाग्रह राखी व्यवहार गरेको पाइदैंन। कुनै कर्मचारीलाई बढी कार्यबोझ र कुनै कर्मचारीलाई कम कार्यबोझ दिएको देखिदैंन।

८.३ व्यवस्थापन प्रमुखको योग्यता

संघका व्यवस्थापक बालकृष्ण धोजू त्रिभुवन विश्व विद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण हुनुहुन्छ। नीज शैक्षिक एवं सामाजिक रुपले योग्य हुनुको साथै व्यवसायिक दक्ष तथा सक्षम व्यक्ति हुनुहुन्छ। उहांको नेतृत्वमा संघ सबल र सक्षम भईरहेको छ र आगामी दिनहरुमा अझ संघले प्रगति गर्दै जाने देखिन्छ।

८.४ कर्मचारी विवरण

यस संघमा हाल तपसिल बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :-

| जम्मा कर्मचारीः ४ जना | पुरुषः २ जना | महिलाः २ जना |
|---|---|---|
| करार | - | |
| अस्थायी | १ जना | |
| स्थायी | १ जना | २ जना |

## ९. बजेट अनुसार आर्थिक प्रशासनिक नीति अध्ययन

संघको आर्थिक प्रशासन नीति साधारण सभाबाट पारित भएको छ। तसर्थ, आर्थिक

प्रशासन नीति तथा संघको त्रिवर्षीय योजना बमोजिम बजेट बनाउने र बजेटको सीमाभित्र रही कार्यान्वयन पक्षमा लगिएको छ ।

## १०. पर्ल्स मापदण्ड र अवस्था विश्लेषण

### पर्ल्स अनुपात ( Pearls Ratio)

| क्षेत्र Sector | लक्ष्य Goal | संकेतहरु Indicators | गणक अंक Numerator | संकेतहरु Indicator | आधार अंक Dominator | परिणाम Result (%) |
|---|---|---|---|---|---|---|
| P | सुरक्षण (Protection) | | | | | |
| P1 | १००% | ऋण सुरक्षण कोष | ०।०० | एक बर्षभन्दा बढी भाखा नाघेको | ०।०० | ०।०० |
| P2 | ३५% | ऋण सुरक्षण कोष | ०।०० | एक बर्षभन्दा कम भाखा नाघेको | ०।०० | ०।०० |
| P3 | १% | ऋण सुरक्षण कोष | २९६,०८३।१८ | भाखा ननाघेको | २९,६०८,३१८।०० | १।०० |
| E | प्रभावकारी वित्तीय संरचना (E=Effective Financing Structure) | | | | | |
| E1 | ७०_८०% | उठन बांकी ऋण | २९,६०८,३१८।०० | कूल सम्पत्ति | २७८,४६६,८३८।२३ | १०।६३ |
| E3 | बढीमा १०% | वित्तीय लगानी | १७५,०३१,०००।०० | कूल सम्पत्ति | २७८,४६६,८३८।२३ | ६२।८६ |
| E5 | ७०_८०% | निक्षेप हिसाब | २६०,९१५,७६५।३१ | कूल सम्पत्ति | २७८,४६६,८३८।२३ | ९३।७० |
| E7 | १०_२०% | शेयर पूंजी | ८,०७८,०००।०० | कूल सम्पत्ति | २७८,४६६,८३८।२३ | २।९० |
| E8 | >=१०% | संस्थागत पूंजी | ७,०७१,९३०।२८ | कूल सम्पत्ति | २७८,४६६,८३८।२३ | २।५४ |
| A | सम्पत्तिको गुण (A=Assets Quality) | | | | | |
| A1 | ≤५% | कूल भाखा नाघेको कर्जा | ( | लगानीमा रहेको ऋण | २९,६०८,३१८।०० | ०।०० |
| A2 | ≤५% | आर्जन नगर्ने कुल सम्पत्ति | ६,६८७,३१२।२१ | कुल सम्पत्ति | २७८,४६६,८३८।२३ | १।८५ |
| R | प्रतिफलको दर (R=Rate of Return) | | | | | |
| R1 | ब्याज दर | ऋणबाट ब्याज आम्दानी | २,८४१,८६१।०० | सरदर ऋण लगानी | २४,०८५,९५२।०० | ११।८० |
| R5 | बजार दर | ब्याज खर्च | १४,४८०,२००।३९ | सरदर बचत र बाह्य ऋण | २३६,९२४,३६७।५१ | ६।११ |
| R9 | कम्तीमा ५% | संचालन खर्च | ३,००७,५६९।७५ | सरदर सम्पत्ति | २५१,९७६,७४८।३९ | १।१९ |
| R12 | कम्तीमा १०% | खुद आम्दानी बचत | २,८६५,९९७।२८ | सरदर सम्पत्ति | २५१,९७६,७४८।३९ | १।१४ |
| L | तरलता (L=Liquidity) | | | | | |
| L1 | १५% | तरलता | ६७,१४०,२०८।०२ | बचत/निक्षेप | २६०,९१५,७६५।३१ | २५।७३ |
| L3 | <१% | नगद तरलता | ५१७,६७७।७२ | कुल सम्पत्ति | २७८,४६६,८३८।२३ | ०।१९ |
| S | विकासका संकेत (S=Sign of Growth) | | | | | |
| S10 | १२% | सदस्यता बृद्धि | १६७ | गत बर्षसम्मको सदस्यता | १५७ | ६ |
| S11 | २५% | कुल सम्पत्तिमा बृद्धि | २७८,४६६,८३८।२३ | गतबर्ष सम्मको कुल सम्पत्ति | २२५,४८६,६५८।५६ | २३।५० |

संघमा तरलता अत्यधिक रहनु अनुत्पादक हो, तसर्थ ऋण लगानी प्रक्रियालाई सहज र सरल बनाई बढी भन्दा बढी ऋण लगानी गर्न अझ प्रभावकारी नीति बनाउनुपर्ने देखिन्छ ।

## ११. नगद, तरलता र भौतिक सम्पति उपयोग अवस्था

संघले काउन्टर सेवाको शुरुवात गरेदेखि नै नगद कारोवार गर्दै आईरहेको छ । निक्षेप फिर्ता नगदबाट र ऋण लगानी बैंकबाट गर्दै आइरहेको छ । तसर्थ कुल सम्पत्तिको १% मा नवढाई नगद मौज्दात राख्ने गरिएको छ । साथै उक्त नगद मौज्दातको सुरक्षाको लागि सेफ र सो सेफमा रहेको रकम रु.७,००,०००।- को बीमा रहेको र रु.३,००,०००।- को काउन्टरमा रहेको नगदको वीमा गरिएको छ । संघको तरलता असारमसान्तसम्ममा २५।७३ % रहेको छ । संघमा रहेको भौतिक सम्पत्तिहरुको स्टक नं. दिएर लेखांकन गरिएको छ । ती सम्पत्तिहरु सुरक्षितकासाथ उपयोग गर्दै आइरहेको छ ।

## १२. सहकारी शिक्षा, तालिम र सूचना

संघले सहकारी तालिम तथा शिक्षालाई महत्वपूर्ण स्थानमा राखिएको छ । सदस्य संस्थाको संस्थागत विकास हुने विभिन्न किसिमका तालिमहरु जस्तैः सहकारी लेखा व्यवस्थापन तालिम, पर्ल्स अनुगमन तालिम, असल बैठक प्रणाली तालिम, संचालकहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC), संस्थागत विकास तालिम, कर प्रणाली तथा ई-सिस्टम विषयमा अर्न्तक्रिया, गोष्ठी आदि कार्यक्रमहरुको आयोजना गरिएका छन् । माथिल्लो संघहरुको सूचना र संघका कार्यक्रमहरु एवम् अन्य महत्वपूर्ण जानकारीहरु संघले पत्रपत्रिका, एफ.एम., ईमेल, एस. एम. एस. तथा चिठीमार्फत सूचना सम्प्रेषण गर्दै आइरहेको छ ।

## १३. विगतका सुझावहरु

लेखा समितिले संचालक समितिलाई राय, सुझाव र सल्लाहहरु समय समयमा दिंदै आइरहेको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिंदै जानेछौं । विगतमा यस समितिले खातापाता संचालन, लेखा राख्ने क्रममा विलभपाई रुजु गर्दा सुधार गर्नुपर्ने बुदांहरु, निर्णय

र निर्णय कायान्वन गर्ने क्रममा गरिएका कार्यहरु निर्णय तथा कार्यहरुको विषयमा दिएका अधिकांश सुझावहरु कार्यान्वन भएका छन् ।

## १४. बाह्य लेखा परीक्षकको सुझाव

लेखा परीक्षकबाट ०७१/०७२ को सन्दर्भमा दिएका सुझावहरुलाई संघले अवलम्बन गरिएको छ ।

## १५. सहभागितात्मक तालिम सम्बन्धमा

संघको परिवार बढ्दै गएकोले तालिम र शिक्षाको पाटोमा संस्थालाई अग्रसर गराई क्षेत्रीयस्तरमा संघको थोरै लगानीमा ठूलो उपलब्धी हासिल गर्न संघले सहभागितात्मक तालिम एवम् शिक्षातर्फ जोड दिनुपर्ने र जिल्ला स्तरमा सम्पन्न प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

## १६. लेखा समितिको टिप्पणी

सहकारी संघ एक संस्था विशेषको नभई सम्पूर्ण संस्थाहरुको साझा संघ हो । सदस्य संस्थाको हितलाई सर्वोपरी ठानी संघले विगतका कमिकमजोरीबाट शिक्षा लिनु पर्दछ, तबमात्र सहकारी संघ सफल हुन सक्दछ। आजको प्रतिस्पर्धात्मक युगमा निश्चित नीति र कार्ययोजना बनाई संघ अगाडि बढ्नु पर्दछ।

## १७. लेखा समितिको सुझावहरु

संघको दिगो विकासको निम्ति विगत र वर्तमानको समीक्षा गर्दै निम्न सुझावहरु प्रस्तुत गरेका छौं :-

१७.१ सहकार्य बुलेटीनलाई नियमित प्रकाशन गर्नुपर्ने देखिन्छ ।

१७.२ संघले लगानी गरेका धितो ऋणहरुको वीमा गर्नुपर्ने देखिन्छ । साथै संघको तरलता बढ्दै गएकोले व्यवस्थापन गर्ने कार्ययोजना बनाउनुपर्ने देखिन्छ।

१७.३ संघले सदस्यता बृद्धि कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ।

१७.४ संघले बचत तथा ऋण कार्यक्रममा विविधिकरण गरी आवश्यक नीति तर्जुमा गर्नुपर्दछ ।

१७.५ अन्तर संघ अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

१७.६ प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरुको संघद्वारा अनुगमन कार्य थालनी गर्नुपर्ने देखिन्छ ।

१७.७ संचालित सहकारी रेडियो कार्यक्रम सहकार्यलाई निरन्तरता दिर्दै जानुपर्ने देखिन्छ

१७.८ भुकम्पको क्षति न्यूनिकरण गर्ने कार्यक्रम संघद्धारा अगाडि बढाउनुपर्ने देखिन्छ ।

अन्तमा हामीले आ.ब.२०७१/०७२ मा संघको लेखा सुपरिवेक्षण समितिका तर्फबाट आवश्यक अनुगमन निरीक्षण गर्दा प्राप्त भएका कैफियतहरु, सुझावहरु र संघको अग्रगतिका लागि विवेकले भ्याएसम्म प्रयत्न गरेका छौं । यति गर्दा गर्दै पनि कुनै कमि कमजोरी रहेमा सुझाव प्रदान गरी हामीलाई मार्गदर्शन गराउनु हुनेछ भन्ने विश्वास सहित प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

Firm Reg. No. : 524 VAT No. 602810908

# BRBS & Associates
*Chartered Accountants*

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका**
शेयर सदस्य संस्थाका प्रतिनिधिहरु समक्ष
आ.व २०७१/२०७२ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले यसै साथ संलग्न भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, सुर्यविनायक, भक्तपुरको ३१ आषाढ २०७२ को वासलात र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणको लेखा परिक्षण सम्पन्न गरेका छौं । यी वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व संघको व्यवस्थापनको रहेको छ । संघको व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखा परीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हुनेछ ।

२ निम्नलिखित अनुच्छेदहरुमा लेखिएका कुराहरु वाहेक, हामीले नेपाल लेखा परीक्षण मानहरु (Nepal Standards on Auditing) र प्रचलित पद्धतिको आधारमा लेखा परिक्षण सम्पन्न गर्यौं । वित्तिय विवरणहरु सारभुत रुपमा गलत तथ्य रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि यी मानहरु अनुसार लेखा परीक्षण योजना तयार गरी तद् अनुसार लेखा परीक्षण गर्नु पर्दछ । वित्तीय विवरणहरुमा उल्लेखित रकम र खुलस्त गरिएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको जाँच समेत लेखापरीक्षणमा समावेश हुने छ । संघले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवम् वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखा परीक्षणमा समावेश हुन्छ । हाम्रो लेखापरीक्षणमा हाम्रो मन्तब्यलाई प्राप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

३. भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको लेखा नीति तथा मान्यताको प्रावधानको कुराहरु यसै साथ संलग्न अनुसूचि १५ मा समावेश गरिएको छ ।

४. माथि अनुच्छेदहरुमा उल्लेख गरिएका कुराहरु तथा लेखा टिप्पणीमा उल्लेख गरिएका कुराहरुले गर्ने असर वाहेक:

४.१. हामीले लेखापरीक्षणका क्रममा आवश्यक ठानेका जानकारी तथा स्पष्टीकरण यथाशिघ्र तथा सन्तोषजनक रुपमा पायौं । संघको हिसाव किताव तथा लेखा प्रचलित कानुन बमोजिम राखिएको छ । वित्तिय विवरणहरु संघले राखेको हिसाव कितावसँग दुरुष्त छन् ।

४.२. हाम्रो रायमा हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण अनुसार संघको हिसाव कितावको परीक्षणबाट सञ्चालक समिति वा सो को कुनै सदस्य वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज वा वेहिसाव गरेको वा संघलाई हानी नोक्सानी गरेको, गराइएको वा संघको तथा सदस्य संस्थाहरुको हित र संरक्षण नहुने काम गरेको पाइएन ।

४.३. हाम्रो रायमा माथिका अनुच्छेदमा उल्लेख भएका व्यहोराहरु आवश्यक ठानी गरेको समायोजनको लेखापरीक्षण गर्न पाएको भए त्यसबाट पर्ने असर बाहेक नेपाल लेखा मानहरु र प्रचलित पद्दतीअनुसार वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणले ३१ आषाढ २०७२ को भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडले आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आ.व.को संचालन नतिजा र नगद प्रवाहको सही चित्रण गरेको छ ।

**बि. आर. बि.एस. एण्ड एसोसिएटस**
चार्टर्ड एकाउन्टेन्टस
BRBS & Associates Chartered Accountants Kathmandu Nepal
**सिद्धेश्वर सुकुपायो**
पार्टनर
मिति : २०७२।०६।०५

Address: 4th Floor, Koteshwor Complex, Koteshwor, Kathmandu, Nepal
Mobile No: 9851190754; 9581198358

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

**सुर्यविनायक, भक्तपुर**

**वासलात**

**२०७२ असाढ मसान्तका**

| पुँजी तथा दायित्व | अनुसूची | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| शेयर पुँजी | १ | ८,०७८,०००.०० | ६,३१४,०००.०० |
| जगेडा कोष तथा अन्य कोष | २ | ६,३६३,३०४.४३ | ४,३७४,४२७.१५ |
| ऐच्छिक वा विविध कोष | २ | ७०८,६२५.८५ | ५४२,९४५.८६ |
| निक्षेप दायित्व | ३ | २६०,९१५,७६५.३१ | २१२,९३२,९६९.७१ |
| चालु दायित्व | ४ | १,६८४,६४३.३२ | ९४५,७०४.९८ |
| आयकर व्यवस्था | | ७१६,४९९.३२ | ३७६,६१०.८६ |
| **जम्मा** | | २७८,४६६,८३८.२३ | २२५,४८६,६५८.५६ |

| सम्पति तथा जायजेथा | अनुसूची | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | ५ | ६७,१४०,२०८.०२ | ९६,९९३,४३९.७७ |
| ऋण लगानी | ६ | २९,६०८,३१८.०० | १८,५६३,५८६.०० |
| शेयर तथा आवधिक बचत लगानी | ७ | १७५,०३१,०००.०० | १०५,५३१,०००.०० |
| अन्य सम्पत्ति | ८ | ६,१४९,७३४.०२ | ३,८४८,८०८.३९ |
| स्थिर सम्पति | ९ | ५३७,५७८.१९ | ५४९,८२४.४० |
| **जम्मा** | | २७८,४६६,८३८.२३ | २२५,४८६,६५८.५६ |

प्रमुख लेखा नीति तथा टिप्पणी १५

यसै मितिको हाम्रो संलग्न प्रतिबेदनका आधारमा

अनुसूची १ देखि ९ सम्म यस विवरणका अभिन्न अंग हुन्।

रविश्याम सुवाल
अध्यक्ष

सानुकाजी हेका
उपाध्यक्ष

हरि बल्ल
सचिव

कृष्णगोविन्द लाखाजू
कोषाध्यक्ष

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
सिए. विजय सुकुपायो
पार्टनर
मितिः२०७२।०६।०५

महेन्द्र बखुन्छें
सदस्य

जगनाथ प्रजापति
सदस्य

रामेश्वर चौलागाई
सदस्य

चण्डिका छुकाँ
सदस्य

कविता ढुंगेल
सदस्य

**लेखा समिति**

श्रीराम लामिछानें
संयोजक

बालमुकुन्द उपाध्याय
सदस्य

कृष्णश्वरी प्रजापति
सदस्य

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

**सुर्यविनायक, भक्तपुर**

**नाफा नोक्सान हिसाब**

**२०७१ श्रावण १ देखि २०७२ असाढ ३१ सम्मको**

| आम्दानी | अनुसूची | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| व्याज आम्दानी | १० | १९,३२९,१८७.१६ | १४,८११,९३०.६९ |
| अन्य आम्दानी | ११ | १,७४१,०७९.५८ | १,५००,६०५.९२ |
| **जम्मा** | | **२१,०७०,२६६.७४** | **१६,३१२,५३६.६१** |
| **न्यून:- खर्च** | | | |
| व्याज खर्च | १२ | १४,४८०,२००.३९ | ११,६३९,१५६.०० |
| कर्मचारी खर्च | १३ | ९६२,३६७.०० | ८०८,१९०.०० |
| प्रशासनिक खर्च | १४ | १,७८७,२५३.६९ | १,८८४,९०७.०८ |
| ह्रास कट्टी | ९ | १४७,५०१.७४ | १३५,८२१.६३ |
| कर्जा लगानी नोक्सान व्यवस्था | | ११०,४४७.३२ | (३८,५९२.४०) |
| **जम्मा खर्च** | | **१७,४८७,७७०.१४** | **१४,४२९,४८२.३१** |
| यस वर्षको आयकर अघिको नाफा | | ३,५८२,४९६.६० | १,८८३,०५४.३० |
| आयकर व्यवस्था | | ७१६,४९९.३२ | ३७६,६१०.८६ |
| **खुद नाफा (नोक्सान)** | | **२,८६५,९९७.२८** | **१,५०६,४४३.४४** |

प्रमुख लेखा नीति तथा टिप्पणी १५

अनुसूची १० देखि १४ सम्म यस विवरणका अभिन्न अंग हुन् ।

यसै मितिको हाम्रो संलग्न प्रतिबेदनका आधारमा

राधेश्याम सुवाल
अध्यक्ष

सानुकाजी हेका
उपाध्यक्ष

हरि बल्ल
सचिव

कृष्णगोविन्द लाखाजू
कोषाध्यक्ष

महेन्द्र बखुन्छें
सदस्य

जगनाथ प्रजापति
सदस्य

रामेश्वर चौलागाई
सदस्य

चण्डिका छुकाँ
सदस्य

कविता ढुंगेल
सदस्य

**बि.आर.बि.एस एण्ड एसोसिएट्स**
चार्टड एकाउन्टेन्ट्स
सिए. विजय सुकुपायो
पार्टनर
मिति:२०७२।०६।०५

**लेखा समिति**

श्रीराम लामिछानें
संयोजक

वालमुकुन्द उपाध्याय
सदस्य

कृष्णेश्वरी प्रजापति
सदस्य

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

सुर्यविनायक, भक्तपुर

## नगद प्रवाह विवरण

**२०७१ श्रावण १ गते देखि २०७२ आषाढ मसान्तको**

| क.सं. | विवरण | | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|---|
| (क) | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | | **३८,८९५,१४३.७८** | **७९,८९३,८१०.१७** |
| १ | **नगद प्राप्ति** | | **२१,०७०,२६६.७४** | **१६,३१२,५३६.६१** |
| १.१ | ब्याज आम्दानी | | १९,३२९,१८७.१६ | १४,८११,९३०.६९ |
| १.२ | अन्य आम्दानी | | १,७४१,०७९.५८ | १,५००,६०५.९२ |
| २ | **नगद भुक्तानी** | | **१७,७१६,८७९.२६** | **१४,६७४,१८५.९९** |
| २.१ | ब्याज खर्च | | १४,४८०,२००.३९ | ११,६३९,१५६.०० |
| २.२ | कर्मचारी खर्च | | ९६२,३६७.०० | ८०८,१९०.०० |
| २.४ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | | १,७८७,२५३.६९ | १,८८४,९०७.०८ |
| २.५ | आयकर भुक्तानी | | ३७६,६१०.८६ | ३४१,९३२.९१ |
| २.६ | ऋण नोक्सानी व्यवस्था | | ११०,४४७.३२ | - |
| २.७ | अन्य खर्च | | - | - |
| | **कार्यगत पूंजी गतिविधि अघिको नगद प्रवाह** | | **३,३५३,३८७.४८** | **१,६३८,३५०.६२** |
| | **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | | **(१३,३४५,६५७.६३)** | **२,५१८,९१०.९३** |
| १ | ऋण लगानीमा कमी/(वृद्धि) | | (११,०४४,७३२.००) | ३,८५९,२४०.०० |
| २ | अन्य सम्पत्तिमा कमी/(वृद्धि) | | (२,३००,९२५.६३) | (१,३४०,३२९.०७) |
| | **सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)/वृद्धि** | | **४८,८८७,४१३.९३** | **७५,७३६,५४८.६२** |
| १ | निक्षेप दायित्वमा (कमी)/वृद्धि | | ४७,९८२,७९५.६० | ७५,७१७,०९९.४० |
| २ | अन्य दायित्वमा (कमी)/वृद्धि | | ७३८,९३८.३४ | १९,४४९.२२ |
| ३ | ऐच्छिक वा विविध कोष (कमी)/वृद्धि | | १६५,६७९.९९ | - |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | | **(६९,६३५,२५५.५३)** | **(७२,८४०,३३०.६८)** |
| १ | दीर्घकालिन लगानीमा कमी/(वृद्धि) | | (६९,५००,०००.००) | (७२,४३४,८१४.६८) |
| २ | स्थीर सम्पत्तिमा कमि/(वृद्धि) | | (१३५,२५५.५३) | (४०५,५१६.००) |
| ३ | अन्य | | - | - |
| (ग) | **वित्तिय श्रोत कारोवारमा नगद प्रवाह** | | **८८६,८८०.००** | **१,३१४,१५०.०१** |
| १ | शेयर पूजिमा वृद्धि/(कमी) | | १,७६४,०००.०० | १,६८८,०००.०० |
| २ | कोषबाट वितरण तथा कोषमा वृद्धि/(कमी) | | (८७७,१२०.००) | (३७३,८४९.९९) |
| (ङ) | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | | **(२९,८५३,२३१.७५)** | **८,३६७,६२९.५०** |
| (च) | **नगद तथा बैंकमा रहेको शूरु मैज्दात** | | ९६,९९३,४३९.७७ | ८८,६२५,८१०.२७ |
| (छ) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | | **६७,१४०,२०८.०२** | **९६,९९३,४३९.७७** |

प्रमुख लेखा नीति तथा टिप्पणी १५ यसै मितिको हाम्रो संलग्न प्रतिबेदनका आधारमा

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड

## सुर्यविनायक, भक्तपुर

आ.व. २०७१/२०७२ को वासलात संग सम्वन्धित अनुसूची

**शेयर पुँजी** अनुसूची- १

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| शेयर पुँजी | ८,०७८,०००.०० | ६,३१४,०००.०० |
| जम्मा | ८,०७८,०००.०० | ६,३१४,०००.०० |

**निक्षेप दायित्व** अनुसूची- ३

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| नियमित बचत | ११,२५६,६५३.४९ | ८,७१०,०६७.८९ |
| आबधिक बचत | ७५,६२२,९०४.०० | ८३,७९५,९०४.०० |
